**आकाशवाणी समाचार- नेपाली**

मितिः ११ दिसम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. ।राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीको विज्ञान भवनमा राष्ट्रीय पंचायत पुरस्कार प्रदान गर्नुहुनेछ ।

२. रक्षा मंत्री राजनाथ सिंहले हिज मॉस्कोमा रूसका राष्ट्रपति तथा विदेशमंत्री सँग भेटवार्ता गर्नुभयो।

३. केन्द्रीय गृहमन्त्री अमित शाहको अध्यक्षतामा नयाँ दिल्लीमा हरियाणामा तीन नयाँ आपराधिक कानूनको कार्यान्वयनसम्बन्धी समीक्षा बैठक सम्पन्न भएको छ ।

४. सिरियाको पछिल्लो घटनाक्रमपछि सरकारले ७५ जना भारतीय नागरिकलाई उद्धार गरेको छ ।

५. विश्व स्क्वास टिम च्याम्पियनसिपको प्रिक्वाटरफाइनलमा भारतीय महिला टोलीले आज अष्ट्रेलियाको सामना गर्दैछ ।

**राष्ट्रपति-राष्ट्रीय पंचायत पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मु ले आज नयाँ दिल्लीको विज्ञान भवनमा राष्ट्रीय पंचायत पुरस्कार प्रदान गर्नुहुनेछ । यस वर्ष जमीनी स्तरमा शासन अनि सामुदायिक विकासको व्यापक उपलब्धिहरुलाई दर्शाउदै विभिन्न श्रेणिहरुमा कुल 45 व्यक्तिहरुलाई पुरस्कारका चयनित गरिएको छ । समारोह अवधि पंचायती राज मंत्रीले पुरस्कार विजेता पंचायतहरुको नवाचारी अनि प्रभावी कार्य प्रणालिहरु माथी एक पुस्तिकाको अनावरण पनि गर्नुहुनेछ। मंत्रालयले एक विज्यप्तिमा बताए अनुसार यी पुरस्कार प्रदान गर्नुको मुख्य उद्देश्य अन्य पंचायतहरुलाई श्रेष्ठ कार्य प्रणाली अपनाउनका लागी प्रेरित गर्न अनि ग्रामीण भारतको समग्र विकासमा योगदान पुर्याउन हो ।

****** ० ******

**राजनाथ-पुतिन**

रक्षा मंत्री राजनाथ सिंहले हिज मॉस्कोमा रूसका राष्ट्रपति व्लादिमिर पुतिन सँग भेट गर्नुभयो। बैठक अवधि श्री राजनाथ सिंहले दुवै देशको मैत्रीक सम्बन्धको उल्लेख गर्नुहुदै भारत वर्तमानमा रूसको साथ रहेक अनि भविष्यमा पनि साथ रहने बताउनुभयो। रक्षा मंत्रालयले एक विज्यप्तिमा दुवै नेताहरुले द्विपक्षीय रक्षा संबंधहरुको विभिन्न पक्षमा कुराकानी गरेको बताएको छ अनि आशा व्यक्त गरेको छ की दुवै देश बीच साझेदारी अनि समन्वित प्रयासहरुबाट महत्वपूर्ण परिणाम प्राप्त हुनेछ ।

यस भन्दा अघि रक्षा मंत्री राजनाथ सिंहले रूसका रक्षा मंत्री आंद्रे बेलोसोव सँग सेना अनि सैन्य तकनीकी सहयोग माथी भारत-रूस अंतर सरकारी आयोगको 21ओ बैठकको सह-अध्यक्षता गर्नुभयो। श्री सिंहले भारत अनि रूसको संबंध धेरै सशक्त रहेको अनि दुवै देशले विशेष रणनीतिक भागीदारीको दायित्व निर्वाह गरेको बताउनुभयो। श्री सिंहले एक सोशल मीडिया पोस्टमा यस वर्ष प्रधानमंत्री नरेन्द्र मोदीको रूस यात्राले यो संबंध अझै सुदृढ भएको बताउनुभयो ।

रक्षा मंत्री राजनाथ सिंहले रक्षा उद्योगको क्षमता बढाउने सरकारको प्रतिवद्धता दोहराउनुभयो। उहाँले मेक इन इंडिया प्रोजेक्ट्समा रूसी उद्योगहरुको भागीदारी बढाउने कुरामा पनि बल दिनुभयो।

दुवै रक्षा मंत्रिहरुले सहयोगको वर्तमान अनि संभावित क्षेत्रहरुको बारेमा 21औ बैठकको रूप रेखामा हस्ताक्षर गर्नुभयो।

****** ० ******

**प्रधानमंत्री - वंदना कार्ड**

प्रधानमन्त्री नरेन्द्र मोदीले आयुष्मान वय वन्दना कार्डप्रति वरिष्ठ नागरिकमा देखिएको उत्साह निकै सन्तोषजनक रहेको बताउनु भएको छ। सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभयो उहाहरुको सुस्वास्थ्य र दीर्घायुका लागि सरकारले कुनै कसर बाँकी राखेको छैन। यसैले यो सुविधाको फाइदा लिन वरिष्ठ नागरिकलाई आग्रह गर्नुभयो।

****** ○ ******

**पीएम-गेम्स**

प्रधानमन्त्री नरेन्द्र मोदीले क्वालालम्पुरमा आयोजित १० औं एसिया प्यासिफिक डेफ गेम्स 2024 मा ऐतिहासिक प्रदर्शन गरेकोमा भारतीय टोलीलाई बधाई दिनुभयो भने ५५ पदक जितेर देशलाई गौरवान्वित तुल्याउने प्रतिभाशाली खेलाडीको प्रशंसा गर्नुभयो। श्री मोदीले भन्नुभयो, "यो उपलब्धिले सिंगो देशलाई प्रेरणा दिएको छ। यी खेलमा भारतको यो अहिलेसम्मकै उत्कृष्ट प्रदर्शन हो।

****** ○ ******

**राज्यसभा - विपक्ष**

विपक्षी सदस्यहरूले राज्यसभाका सभापति जगदीप धनखड़ले पक्षपातपूर्ण ढङ्गले सदन सञ्चालन गरेको आरोप लगाउदै अविश्वासको प्रस्ताव पेश गरेका छन्। यसैबीच, सरकारले यस कदमको निन्दा गर्दै सदनमा एनडीएको बहुमत रहेको बताएको छ। संसदको शीतकालीन सत्र कोलाहलपूर्ण रुपमा सुरु भएको थियो र पहिलो हप्ता बिना कुनै काम बित्यो। दोस्रो साता सरकार र प्रतिपक्षबीच सहमति भयो, जसका कारण सदन सामान्य भयो। तर, यो व्यवस्था लामो समय टिक्न सकेन र सत्तापक्ष र प्रतिपक्ष दुवैले एकअर्कालाई दोषारोपण गर्न थाले, जसका कारण सदनमा गतिरोध उत्पन्न भयो। अब संसदको निर्धारित कार्यसञ्चालनका लागि नौ दिन मात्र बाँकी छ, तर बाँकी दिनमा कुनै अर्थपूर्ण काम हुने देखिंदैन।

बाइट

****** ○ ******

रिजिजू- अविश्वास प्रस्ताव

केन्द्रीय संसदीय मामिला मन्त्री किरेन रिजिजुले राज्यसभाका सभापति जगदीप धनखड़विरुद्ध विपक्षीदलले सदनमा पक्षपातपूर्ण तरीकेले काम गरेको भन्दै जारी गरेको नोटिसको निन्दा गर्नुभयो। नयाँ दिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै रिजिजुले कांग्रेस पार्टी र यसका सहयोगीहरूले अध्यक्षको निर्देशन पालन नगरेर अध्यक्षको अनादर गरेको आरोप लगाउदै 'सदनमा प्रतिपक्षले रचनात्मक भूमिका निर्वाह नगरिरहेको आरोप लगाउनुभयोभने विपक्षीले दुवै सदनको मञ्चको सम्मान गर्नुपर्ने बताउनु भयो।

****** ○ ******

**गृह मंत्री- आपराधिक कानून**

केन्द्रीय गृहमन्त्री अमित शाहको अध्यक्षतामा नयाँ दिल्लीमा हरियाणाका मुख्यमन्त्री नायब सिंह सैनीको उपस्थितिमा हरियाणामा तीन नयाँ आपराधिक कानूनको कार्यान्वयनसम्बन्धी समीक्षा बैठक सम्पन्न भएको छ। बैठकमा केन्द्रीय गृह सचिव, हरियाणाका मुख्यमन्त्रीका प्रमुख सचिव, हरियाणाका मुख्य सचिव र पुलिस महानिदेशक, पूलिस अनुसन्धान तथा विकास ब्यूरोका महानिर्देशक, राष्ट्रिय अपराध रिकॉर्ड ब्यूरोका महानिर्देशक, गृह मन्त्रालय र राज्य सरकारका वरिष्ठ अधिकारीहरू उपस्थित थिए। छलफलका क्रममा शाहले हरियाणालाई आगामी

वर्षको मार्च ३१ सम्ममा राज्यमा नयाँ आपराधिक कानूनको शतप्रतिशत कार्यान्वयन सुनिश्चित गर्न आग्रह गर्नुभयो।

****** ० ******

**जल शक्ति-स्वच्छता**

जल शक्ति मंत्री सी आर पाटिलले नयाँ दिल्लीमा पञ्जाब, मध्य प्रदेश र बिहारका ग्रामीण स्वच्छताका प्रभारी राज्यमन्त्रीहरूसँग एक उच्चस्तरीय समीक्षा बैठक गर्नुभयो। यसै क्रममा उहाँले भन्नुभयो स्वच्छता केवल पूर्वाधार लक्ष्य मात्र होइन, तर एक व्यावहारिक मिशन हो जसले ग्रामीण समुदायको स्वास्थ्य र गरिमालाई आकार दिन्छ। यसका साथै उहाँले राज्यहरूलाई महिला स्वयं सहायता समूह, क्षेत्रीय नेताहरू र निजी क्षेत्रका उद्यमहरूलाई समावेश गरेर समुदायको नेतृत्वमा दृष्टिकोणलाई बढावा दिने प्रयासहरू तीव्र पार्न आह्वान गर्नुभयो। बैठक ग्रामीण भारतमा स्थायी स्वच्छताका लागि प्रगतिको मूल्यांकन र चुनौती र रणनीतिहरूलाई सम्बोधन गर्ने विषयमा केन्द्रित थियो।

****** ० ******

**कृषि अभियान**

केन्द्र सरकारले केन्द्रीय क्याबिनेटले फसल, मौसम र पानीको बारेमा जानकारी सङ्कलन गर्न 28 अरब 17 करोड़ डिजिटल कृषि मिशनलाई अनुमोदन गरेको जनाएको छ। कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले लोकसभामा एक प्रश्नको जवाफ दिंदै राज्यहरूबाट महत्वपूर्ण कृषि जानकारी प्राप्त गर्न व्यापक सहयोग भइरहेको बताउनु भयो भने कृषि क्षेत्रमा स्टार्ट अप र ग्रामीण उद्यमहरूलाई बढावा दिन ७५० करोडको कृषि कोष सुरु गरिएको जानकारी दिनुभयो।

****** ० ******

**नागालैंड - हॉर्नबिल**

नागाल्याण्डमा जारी प्रतिष्टित हर्नबिल फेस्टिभलको २५ औं संस्करण हिजो सम्पन्न भएको छ । १० दिनेसम्म चलेको जीवन्त सांस्कृतिक तथा साङ्गीतिक कार्यक्रम हिजो साँझ किसामाको नागा हेरिटेज भिलेजमा भव्य समारोहका साथ सम्पन्न भएको छ । राज्यका पर्यटन मन्त्री इम्ना अलोङले महोत्सवले नागाल्याण्ड र त्यहाँका जनताको एकता र उत्साहलाई प्रतिबिम्बित गरेको बताउनु भयो। यसका साथै मुख्यमन्त्री नेफिउ रियोप्रति कृतज्ञता व्यक्त गर्दै श्री अलोङले हर्नबिल फेस्टिभल सांस्कृतिक, आदिवासी र उत्सवी समारोहभन्दा माथि उठेर नेटवर्किंग र विकासको लागि एक प्लेटफर्म बनेको उल्लेख गर्नुभयो|

****** ० ******

**सीरिया-अंतरिम प्रधानमंत्री**

सिरियामा मोहम्मद अल बशीरलाई संक्रमणकालीन सरकारको कार्यवाहक प्रधानमन्त्रीमा नियुक्त गरिएको छ । श्री बशीरले टेलीविजनमा प्रसारित आफ्नो संबोधनमा तीन दिनअघि राष्ट्रपति बशर अल असदलाई सत्ताच्युत गर्ने पूर्व विद्रोहीको समर्थनमा आफू आगामी वर्षको मार्च १ सम्म अन्तरिम प्रशासनमा प्रधानमन्त्री रहने बताउनु भयो । दमास्कसमा १२ दिनसम्म चलेको आक्रमणअघि अल–बशीरले विद्रोही साल्भेसन सरकार चलाएका थिए।

****** ० ******

**भारत-सीरिया सुरक्षित निकासी**

सिरियाको पछिल्लो घटनाक्रमपछि सरकारले ७५ जना भारतीय नागरिकलाई सिरियाबाट उद्धार गरेको छ । यी सबै भारतीय नागरिकलाई लेबनान लगिएको छ जहाँबाट उनीहरू उपलब्ध उडानमा भारत फर्कनेछन्। दमास्कस र बेरुतस्थित भारतीय दूतावासको समन्वयात्मक प्रयासबाट सुरक्षित उद्धारमा सहज भएको भारतीय विदेश मन्त्रालयले जनाएको छ । सिरियामा रहेका भारतीय नागरिकले उनीहरूलाई उद्धार गर्न सरकारलाई आग्रह गरेका थिए । विदेश मन्त्रालयले विदेशमा रहेका भारतीयको सुरक्षालाई सरकारले उच्च प्राथमिकता दिएको जनाएको छ । यसका साथै सिरियामा रहेका भारतीयहरुलाई 963993385973 आपतकालीन हेल्पलाइन नम्बर र इमेल आईडी hoc.damascus@mea.gov.in दमास्कसस्थित भारतीय दूतावासमा सम्पर्क गर्न भनिएको छ । भारत सरकारले सिरियाको अवस्थालाई नजिकबाट नियालिरहेको छ ।

****** ० ******

**वर्ल्ड-स्क्वॉश टीम चैंपियनशिप**

विश्व स्क्वास टिम च्याम्पियनसिपको प्रिक्वाटरफाइनलमा भारतीय महिला टोलीले आज अष्ट्रेलियाको सामना गर्दैछ । खेल हङकङमा भारतीय समयअनुसार बिहान ९:३० बजे सुरु हुनेछ । भारतले इटालीलाई ३–० गोलअन्तरले पराजित गर्दै प्रिक्वाटरफाइनलमा प्रवेश गरेको हो । आकांक्षा सालुंखे, अनाहत सिंह र निरुपमा दुबेले आ–आफ्नो खेल जितेका थिए । समूह 'सी' मा कोलम्बिया र इटालीलाई पराजित गर्दै भारत दोस्रो स्थानमा रह्यो । प्रि–क्वाटरफाइनलमा १२ टिमले प्रतिस्पर्धा गर्नेछन् ।

****** ० ******